सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ,धादिङ
बागमती प्रदेश,नेपाल

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क र विज्ञापन कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७।०४।२**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस सिद्धलेक गाउँपालिका गाउँसभाको निर्णय अनुसार,सिद्धलेक गाउँपालिकाको आगामी आ.व २०७७/०७८ को लागि गाउँपालिका क्षेत्र भित्र तपसिलका स्थानहरुबाट **स्थानीय सडक पूर्वाधार सेवा शुल्क** तथा **विज्ञापन सम्बन्धी कर** संकलनको लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीवाट निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी बढाबढको माध्यमवाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | आय ठेक्का न. | विवरण | न्युनतम अंक मु.अ.कर बाहेक | फाराम दस्तुर (फिर्ता नहुने गरी) | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ०१/२०७७।०७८ | वैरेनी, कालीदह,-पिपलनलाङ -ठाँटी -कमलावारी सडक | २५००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | वुङचुङ -आरुवास -मैदान सडक | २०००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | परेवाटार -कुम्पुर -कालीदह +फिसटार गौथले सडक | २५००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | परेवाटार -अदमटार सडक | ६०००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | बुङचुङ सतिडाडा सडक +मा.वि.खोला काम्राङ कुम्पुर सडक | ५००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | डुम्रेखोला गहते सडक | १५०००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| | | वेलटार ठाँटी वुङचुङ सडक | १०००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |
| २ | ०२/२०७७।०७८ | विज्ञापन कर | १५००००।०० | १०००। | कवोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयको कुमारी बैंक लिमिटेड बुङचुङ शाखामा रहेको संचितकोष खाता नं ०८१००३५१२४९००००१ मा फारम दस्तुर वापत रु १०००। (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि वा यस कार्यालयको राजश्व शाखामा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

२. १६ औ दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ । सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्रहरु खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।

३ .दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम कवुल गरेको कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक  लिमिटेड बुङचुङ शाखामा रहेको धरौटी खाता नं.  ०८१००३५१२४६००००१ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलवन्दी दरभाउपत्रसंलग्न हुनुपर्ने छ ।

४. प्रचलित कानून बमोजिम लाग्ने कर, मु.अ.कर  तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।

५. तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाइने छैन ।

६. स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्बुलेन्स,विद्यालय कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट शुल्कउठाउन पाईने छैन ।

७. कुल कबोल अकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% रकम र थप बाकी ५०% को बैक जमानत सम्झौता हुनुअगावै पेश गर्नुपर्नेछ । बैक जमानत पेश गर्न नसके पुरै कबोल अंक अग्रीम दाखीला गरी सम्झौता गर्न सकिनेछ ।

८. प्रथम किस्ता वापतको रकम यस कार्यालयको संचित कोष खाता नं ०८१००३५१२४९००००१ मा  दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ । ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनैकिसिमको छुट,मिनाहा,माफी दिईने छैन । शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ ।

१०.दरभाउपत्र वडावडको माध्यमं भएकोले सवै भन्दा वढी कवोल गरेको दरभाउपत्र स्वीकार गरिनेछ ।

११.उठाउन पाउने कर तथा शुल्कको दर शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएको हुनेछ । यस सम्बन्धी थप बुझ्नुपर्ने भएमा सिधै गाउँपालिकाको कार्यालयमा सर्म्पक गरी वा गाउँपालिकाको website: www.siddhalekmun.gov.np मा  पनि हेर्न  सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल